कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: ३४ | वि.सं. २०८१ जेठ ४ शुक्रवार | नेपाल संवत: ११४४, वैशाख शुक्ल नवमी | Friday 17 May. 2024 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# सल्यान र रुकुम पश्चिममा किन बढ्दै छ मानव हत्याको श्रृङ्खला ?

● मनोपरामर्शको क्षेत्रमा ध्यान दिनुपर्ने विज्ञको सुझाव

**ओम शाही**
**सुर्खेत, ३ जेष्ठ ।**

**● घटना-१**

१ माघ २०७९ मा बनगाड कुपिण्डे नगरपालिका-१० माझकाँडाका ८ वर्षीय भिजन घर्तीको हत्या भयो । 'आफूलाई देउता चढेको भन्दै' स्थानीय २८ वर्षीय डम्बरबहादुर पुरीले घर नजिकै रहेको मन्दिरमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेको प्रहरी अनुसन्धानबाट खुल्यो ।

जिल्ला अदालत सल्यानले २१ चैत २०७९ मा आरोपि पुरीलाई सर्वस्वसहित जन्मकैदको फैसला सुनायो । पुरी मनोसामाजिक समस्या रहेको बताइन्छ । परम्परागत सोच अर्थात देउता चढेको भन्दै पुरीले बालकलाई बलि चढाउने नाममा हत्या गरिदिएका थिए ।




**● घटना-२**

सल्यानको सिद्धकुमाख गाउँपालिका-४ सागिनेकी २७ वर्षीया केवली राणाको १ जेठ २०८१ मा धारिलो हतियार प्रहार गरेर हत्या गरी ३२ वर्षीय पति केशव राणाले सोही दिन आत्महत्या गरे । १३ दिने सुत्केरी पत्नीलाई धारिलो हतियारले घाँटी रेटेर हत्या गरेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ ।

यस्तै, बुधबार १८ महिने छोरीलाई सलको पासो लगाएर मार्न खोजेको आरोपमा रुकुमपश्चिमको मुसीकोट नगरपालिका-१४ लोरिवाङकी २१ वर्षीया नन्दकली विष्टलाई प्रहरीले पक्राउ गरेको छ । छोरीलाई पासो लगाएर भिडियो बनाउन खोज्दा छिमेकीले देखेपछि घटनाको बारेमा प्रहरीलाई जानकारी गराइएको थियो ।

**● घटना-३**

रुकुम पश्चिमको खलंगास्थित सत्कार होटलको कोठा नम्बर १ मा ३० असोज २०८० मा एक युवतीको शव फेला पर्‍यो । शंकास्पद अवस्थामा भेटिएको शवको पहिचान प्रहरीले मुसीकोट नगरपालिका-७ साँखाकी २८ वर्षीया भावना विकको रुपमा गर्‍यो । भावना मुसीकोट नगरपालिका-१, छिडस्थित माइती घरमा बस्दै आएकी थिइन् ।

भावनाको गला रेटिएको अवस्थामा शव फेला परेको थियो ।

बाँकी ३ पेजमा

**● घटना-४**

३० भदौ २०८० को राति सल्यानको त्रिवेणी गाउँपालिका-२, काँरागिठीमा आमाछोरीको शव जलेको अवस्थामा फेला परेको थियो । जिल्ला त्रिवेणी गाउँपालिका वडा नम्बर-२, झालेढुंगास्थित थापा टोल बस्ने सुकलाल थापाको टिनले छाएको एकतले कच्ची घरमा थापाकी श्रीमती वर्ष २९ की रेवती थापा र उनकी छोरी ९ महिनाकी रितु थापा सुतेका थिए ।

बिहान अबेरसम्म आमाछोरी

बाँकी ३ पेजमा

**● घटना-५**

१० जेठ २०७७ मा रुकुम पश्चिमको चौरजहारीस्थित सोतीगाउँमा प्रेमिका लिन गएका जाजरकोटका नवराज विक र उनका अन्य ५ जना साथीहरूको सपना भने भेरीमा विलिन भएको तीन वर्ष पुग्यो । जाजरकोट भेरी नगरपालिका-४ रानागाउँका नवराजसहित गणेश बुढा मगर, सञ्जु विक, भेरी नगरपालिका वडा-११ मटेलाका लोकेन्द्र सुनार, गोविन्द शाही र चौरजहारी

बाँकी ३ पेजमा

## राज्यले नै दण्डहिनतालाई प्रसय गर्दैछ : सुवेदी

समाजमा दण्डहिनतालाई निर्मुल पार्नुको साटो उल्टै राज्यले नै विभिन्न कारण देखाएर दण्डहिनतालाई प्रसय दिइरहेको मानवअधिकारका क्षेत्रमा काम गर्दै आएको अनौपचारिक सेवा केन्द्र (ईन्सेक) कर्णाली प्रदेश संयोजक नारायण सुवेदी बताउँछन् । 'कतिपय घटनामा सरकारले विभिन्न बहानामा आममाफि दिने परिपालना गरिहरेको छ नि यसले अपराध गर्ने मान्छेलाई सपोर्ट गरेको जस्तो भइरहेको छ,' उनी भन्छन्,

बाँकी ४ पेजमा

## मनोपरामर्श आवश्यक छ : मनोविद रावत

समाजमा हत्या जस्ता जघन्य अपराधहरु मनोवैज्ञानिक पाटोसँग जोडिएर आउने बताउँछन् कर्णाली प्रादेशिक अस्पताल सुर्खेतका मनोविद पुर्ण रावत । मान्छेभित्र रहेको नकरात्मक भावले हत्या नै गरिहाल्नु पर्ने परिस्थिती निम्तनु सामाजिकरुपमा ठुलो बिग्रह रहेको उनले बताए ।

'गरिबी, बेरोजगारी, राजनीतिक अस्थिरता लगायतका कारण मानिस

बाँकी ४ पेजमा

# मन्त्रीबाट किन बरखास्तीमा परे शाह

**युग संवाददाता**
**सुर्खेत, ३ जेष्ठ ।**

कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विनोदकुमार शाहलाई बरखास्त गरेका छन् । बुधबार मुख्यमन्त्री कँडेलले मन्त्री शाहलाई हटाएर कृषि मन्त्रालय आफ्नो मातहतमा ल्याएका हुन् ।

शाह १८ बैशाखमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रीमा नियूक्त भएका थिए । तर, आफूलाई मन्त्रालय दिने विषयमा मुख्यमन्त्री कँडेलले बाइपास गरेको भन्दै शाहले सोही दिन प्रदेश प्रमुखको कार्यालयले तय गरेको सपथ ग्रहण कार्यक्रम बहिस्कार गरेका थिए । मुख्यमन्त्री कँडेलले सरकार विस्तारका लागि प्रदेश प्रमुखको कार्यालयलाई जानकारी गराएका थिए । सोही बमोजिम प्रदेश प्रमुखको कार्यालयले शपथ कार्यक्रमको तयारी थालेको थियो ।

लामो समयको रस्साकस्सीपछि कँडेलले सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रबाट सिफारिस तीन मन्त्री र एमालेबाट सहभागी दुई मन्त्रीसहित एक राज्यमन्त्रीलाई शपथका लागि प्रदेश प्रमुखको कार्यालयमा पत्र पठाएका थिए । मुख्यमन्त्री कँडेलको पत्रमा माओवादीबाट आर्थिक मामिला तथा योजनामन्त्री महेन्द्र केसी, सामाजिक विकासमन्त्री वीरबहादुर शाही,

बाँकी ३ पेजमा

**आवश्यकता आवश्यकता आवश्यकता**

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा ख्यातीप्राप्त यस विद्यालयको लागि तपसिल बमोजिमको शिक्षक तुरुन्त आवश्यक परेको हुनाले योग्यता पुगेको इच्छुक उम्मेदवारबाट आवश्यक प्रमाणपत्रको प्रतिलिपी सहित दरखास्त आव्हान गरिन्छ ।

**विज्ञापन नं.** ०८१-०६
**पद** : शिक्षक **तह** : माध्यमिक
**विषय** : नेपाली आवश्यक संख्या : १ (एक)
**आवश्यक योग्यता** : स्नाकोत्तर वा सो सरह (नेपाली मुल विषय भएको )
**दरखास्त दिने अन्तिम मिति** : २०८१-०२-०४ शुक्रबार ३:०० बजेसम्म,
**सम्पर्क मिति** : २०८१-०२-०४ शुक्रबार ४:३० बजे।
**दरखास्त दस्तुर** : रु. ५००/-
**तलब** : आपसी समझदारीमा
**सम्पर्क**
पदपुर्ति उपसमिति

**चिल्ड्रेन्स प्याराडाइज माध्यामिक विद्यालय,**
वातावरण मार्ग, खजुरा, वीरेन्द्रनगर-८, सुर्खेत ।
फोन नं.: ०८३-५२४०८०/९८५८०५२५२२/९८४८०२७६६५
email. hrcps23@gmail.com

## भूकम्प प्रभावितलाई राहत

**युग संवाददाता**
**सुर्खेत, ३ जेठ ।**

जाजरकोट जिल्लाको नलगाड नगरपालिका-६ मा बिहिवार भूकम्प प्रभावित सात सय भन्दा बढी परिवारका लागि १ हजार ३ सय भन्दा बढी सेटहरुमा राहत वितरण गरिएको छ । प्लान इन्टरनेसनलको साझेदारीमा समाज जागरण केन्द्र (स्याक) नेपालले वडा कार्यालयसंग सहकार्य गरेर वितरण गरेको हो । वितरण शुक्रवारसम्म चल्नेछ ।

बिहिवार वडा अध्यक्ष वीरेन्द्र खड्काको अध्यक्षतामा नलगाड नगरपालिका वडा नं. ६ ले एक औपचारिक कार्यक्रम गरी वितरण सुरु गरेको हो । कार्यक्रममा प्लान इन्टरनेसनलको तर्फ बाट रमेश धिमिरे, स्याक नेपालको कार्यसमिति सदस्य अकबर खान, कार्यपालिका सदस्य कुमारी बिक लगायतको उपस्थिति रहेको थियो ।

दुई वटा बिद्यालय श्री वीरेन्द्र प्रा.वि. का ७८ जना र श्री कालिका आधारभूत विद्यालय का १ सय २६ जना बालबालिकाहरुका लागि करिब ३ हजार ५ सय बराबरको विद्यालय कीट अभिभावक मार्फत वितरण गरिएको हो ।

त्यसैगरी घर परिवारका लागि सरसफाई लगायतका अतिआवश्यक सामान ३ हजार २ सय ४७ रुपैयाँ बराबरको १ सय परिवारलाई वितरण गरियो । गर्भवति तथा सुत्केरीहरुका लागि पोषण युत्त पौस्टिक आहार सहितको ३११० रुपैयाँ बराबरको २५० जनालाई वितरण गरेको छ ।

त्यसैगरी जेष्ठ नागरिक तथा परिवारका लागि ब्लाङ्केट, सुईटर, टोपी र अन्ने लत्ताकपडासहित ९ हजार ५ सय ८२ रुपैयाँ बराबरको २ सय ५० घरपरिवार वितरण गरेको छ । भूकम्पले क्षति भएका घर उत्खनन तथा पुनर्निर्माण मा प्रयोग हुने बेल्चा, सब्बल, आरा,

बाँकी ३ पेजमा

**डिपेन्डेन भिसा**

सजिलोसँग स्टुडेन्टसँग डिपेन्डेन भिसामा अष्ट्रेलिया, क्यानडा, युरोप, युके जानको लागि आवश्यक परेमा हामीलाई तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
९७६९७७२९४४, ९७६९७७२९२३






## सम्पादकीय....

# ईन्धनको खपत घटाउँदै विद्युतको उपयोग बढाऊ !

सुर्खेतमा १३२ केभी प्रसारण लाईन बन्दैछ । कर्णालीको लागि धेरै आशा र भरोसा हो त्यो प्रसारण लाईन जसको अभावका कारण कर्णालीमा ठूला उद्योग कलकारखानाहरु सुरु हुन सकेका छैनन् भने सुरु गरेकाहरु पनि महङ्गोमा डिजेलमार्फत जेनेरेटर चलाएर काम गर्नु पर्दा मर्कामा परेका छन् । अहिले त ईलेक्ट्रिक सवारी साधन किन्ने जुन लहर चलेको छ त्यो असाध्यै राम्रो सुरुवात हो । नेपाल जस्तो जलश्रोतको धनि देश जहाँ विद्युतसमेत विदेशलाई बेचेर डलर कमाउन सकिने ठाउँमा ईन्धन खपत घटाएर विद्युतिय सामाग्री प्रयोगले देशको समृद्धिमा ठूलो भूमिका खेल्छ ।

कर्णालीमा लो भोल्टेजका कारण भएका ईलेक्ट्रोनिक साधनहरु चलाउन पनि गाह्रो परेको छ । यसको विकल्प भनेको नै जतिसक्यो चाँडो समयमै १३२ केभी प्रशारण लाईन सुर्खेतमा पुऱ्याउनु हो । हाम्रो देशमा सबैभन्दा बढी आयात हुने भनेको ईन्धन नै हो यसको आयात घटाउनलाई सरकारको लक्ष्य के हो ? त्यो लक्ष्य पुरा गर्नलाई सरकारका रणनीतिहरु कस्ता कस्ता किसिमका छन् ? यसको विषयमा सरकार कति गम्भिर छ ? सिस्टममा कत्तिको चलाएको छ ? सरकारले आफ्ना लक्ष्यहरु पुरा गर्नका लागि बनाएका रणनीतिहरु ? यसका समस्या के हुन् ? नीजि क्षेत्रलाई कसरी प्रोत्साहित गरेको छ ? सरकारले चार्जिङ सवारी साधन प्रयोगका लागि ? यि र यस्तै प्रश्नका उत्तरहरुको जवाफ अब जतिसक्यो चाँडो सरकारले आम रुपमा दिनुपर्छ । अहिले जति पनि ईलेक्ट्रोनिक सवारी साधनहरु प्रयोग भएका छन् त्यो बाह्य देशको तुलमा महङ्गो नै छ । त्यसको लागत कसरी घटाउन सकिन्छ ? कसरी प्रयोगकर्तालाई इन्धनको प्रयोग हुने सवारीसाधन भन्दा पनि ईलेक्ट्रोनिक सवारी साधन खरिदमा प्रोत्साहित गर्न सक्छ त्यसमा करलाई शुन्यमा झार्ने हो की ? चार्जिङ स्टेशनहरु थप गर्ने पो हो की ? भोल्टेजका कारणले चार्जिङमा समस्या छ भने त्यो समाधान गर्ने हो की ?

कसरी हुन्छ देशको अर्थतन्त्रमा टेवा पुग्नेगरी सरकारले अब सहुलियत दिएर हुन्छ कि कर छुट गरेर हुन्छ कि, मर्मत सेन्टरको व्यवस्था गरेर हुन्छ कि दक्ष जनशक्ति उत्पादन गरेर हुन्छ कि अब सरकारले यो विषयमा गम्भिर भएर सोच्यो भने देशको अर्थतन्त्रमा आयातको रेसियो तुरुन्तै घट्छ । सिस्टममा चलेका छन् चार्जिङ स्टेशन देशभरका ५२ ठाउँमा जहाँ न बेकामे जनशक्ति चाहिन्छ न त ढिलासुस्तिको गुनासो नै हुन्छ । जब भुक्तानी हुन्छ तब उसको लिस्टमा सिस्टमबाटै पालो आउँछ चार्ज गऱ्यो आफ्नो गन्तव्यमा लाग्यो । न कसैलाई सोर्स, फोर्स लाउनुपर्ने झण्झट न त आसेपासेलाई अगाडी गरिदिएर मेरो पालो पछी आउँछ कि भन्ने टेन्सन सिस्टमले सबैलाई समान तरिकाले सेवा दिएको छ । त्यस्तै सिष्टम कृषि, पशु, पूर्वाधार निर्माणमा समेत सरकारले बनायो भने न गुनासो रहन्छ न त ढिलासुस्ति चाहेर पनि गर्न सक्छन देशमा समृद्धिको सुरुवात यहिँबाट सुरु हुन्छ ।

चार्जिङ स्टेशनमा जुन सिस्टम छ त्यो वास्तवमै सह्रानिय छ जो एउटै सिस्टममा देशका बिभिन्न शहरमा काम भैरहेको छ । यो सुखद सुरुवात अन्य क्षेत्रमा पनि गर्नु जरुरी छ । कि कृषिका जागिरेहरु खेतबारीमै नगएर तलव खाने हैन उनीहरुले पहिला १० केजीको बन्दा फलाउनु परो अनि कृषकलाई त्यही देखाएर कसरी फल्छ त यत्रो ठूलो बन्दा भन्ने आफ्नो अनुभव र प्रकृया बताएर बल्ल कृषिको जागिरे बन्नुपरो । त्यसैगरी पशुका जागिरेहरुले पनि पहिला भैँसीले बिहान २० साँझ २० लिटर दुध कसरी आउँछ भनेर आफुले गरेर देखाउनु परो र कृषकलाई सोही अनुसार गर्न प्रोत्साहित गर्नुपऱ्यो । सिस्टममा भए केही असम्भव पनि त छैन ।

## विश्व

### इंग्ल्यान्डमा नौ वर्षभन्दा कम उमेरका बालबालिकामा यौन शिक्षामा प्रतिबन्ध लगाइने

**रासस, ३ जेठ**

नयाँ सरकारी प्रस्तावअनुसार इंग्ल्यान्डका विद्यालयहरूमा नौ वर्षभन्दा कम उमेरका बालबालिकालाई यौन शिक्षा र लिंग पहिचान शिक्षामाथि प्रतिबन्ध लगाइने भएको छ ।

यसले प्राथमिक उमेरका स्कुले बालबालिकाका लागि पाठको विषयवस्तुमा चिन्ता दर्शाएको शिक्षा मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ । 'आफ्ना बालबालिकालाई विद्यालय पठाउँदा उनीहरूलाई सुरक्षित राखिन्छ र बालबालिकाको उमेरका लागि अनपयुक्त विचलित सामग्रीको सम्पर्कमा आउँदैनन् भन्नेबारे अभिभावकले भरोसा गरेका हुन्छन्,' कन्जरभेटिभ पार्टीका प्रधानमन्त्री ऋषि सुनकलाई उद्धृत गर्दै विज्ञप्तिमा भनिएको छ, 'त्यसैले गत वर्ष हाम्रा कक्षाहरूमा यस्तो भएको खबर सुनेर म भयभीत भएको थिएँ ।'

नौ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि यौन शिक्षामाथि प्रतिबन्धका साथै लिंग पहिचानको विवादित सिद्धान्त पनि नपढाइने मन्त्रालयले बताएको छ ।

गत महिना लैंगिक पहिचानका मुद्दाहरूसँग जुधिरहेका युवाहरूलाई नारी बनाउने हर्मोन उपचारहरू सिफारिस गर्नमा 'अत्यन्त सावधानी' उपाय चाल्न आग्रह गर्ने गत महिना भएको ऐतिहासिक समीक्षापछि यस्तो कदम चालिएको हो ।

नयाँ प्रस्तावमा आत्महत्या रोकथाममा थप सामग्री र अनलाइन आत्मक्षतिलाई बढाउने सामग्री हेर्ने जोखिमहरू पनि समावेश हुनेछ । प्रस्ताव नौ साताको परामर्शको अधीनमा हुनेछ र अन्तिम रूप दिइएपछि वैधानिक हुनेछ ।

### क्रुज जहाजमार्फत आउने पर्यटकलाई विनाभिसा प्रवेश दिने चीनको निर्णय

**रासस, ३ जेठ**

चीनले बुधबार समुद्री तटमा रहेका सबै क्रुज जहाज बन्दरगाह हुँदै भित्रिने विदेशी पर्यटकलाई भिसा-फ्री प्रवेशको अनुमति दिने नीति लागू गरेको छ ।

राष्ट्रिय अध्यागमन प्रशासनका अनुसार दुई विदेशी वा सोभन्दा बढी चिनियाँ ट्राभल एजेन्सीहरूद्वारा प्राप्त पर्यटक समूहहरूले सांघाई, तियान्जिन, ग्वाङ्झाउ, सान्यालगायत १३ वटा चिनियाँ सहरका बन्दरगाहमार्फत विनाभिसा चीन प्रवेश गर्न सक्नेछन् ।

चीनको बसाइमा १५ दिन रहने पर्यटकहरू त्यहाँ रहँदा, तिनीहरूले तटीय प्रान्तहरू, नगरपालिकाहरू र स्वायत्त क्षेत्रहरू साथै बेइजिङ भ्रमण गर्न सक्ने विज्ञप्तिमा उल्लेख छ ।

यसैगरी, सात क्रुज पोर्टहरू, डालियान, लियानयुंगाङ, बेनझोउ, झोउसान, ग्वान्झाउ,



सेन्जेन र बेइहाईमा ५४ देशका नागरिकहरूका लागि भिसामुक्त ट्रान्जिट पोर्टका रूपमा तोकिएको छ ।

यस कदमले चीनको विनाभिसा पारवहन नीतिअन्तर्गत क्रुज जहाजमार्फत बन्दरगाहहरूबाट विदेशी यात्रुहरूको पारवहन र प्रस्थानलाई सहज बनाउनेछ ।

# कर्णालीवासीको आयु बढेकै हो त ?



✍ डा. दीपेन्द्र रोकाया

राष्ट्रिय तथ्याङ्क कार्यालयले २०८१ वैशाख २३ गते सार्वजनिक गरेको जनसङ्ख्या साक्षरता पुस्तक तथा जनसाङ्ख्यिक सूचकहरूले नेपालीको औसत आयु ७१.३ वर्ष पुगेको देखाएको छ । यो अपेक्षित आयु हो । यसमा कर्नाली प्रदेशका मानिस सबैभन्दा धेरै वर्ष बाँच्ने गरेको देखिएको छ । जसमा कर्नाली प्रदेशको औसत आयु ७२.५ वर्ष देखिएको छ । त्यसमा महिलाको औसत आयु ७५.५ वर्ष रहेको देखियो । यो सूचकले सबैको ध्यानाकर्षण गराएको पाइयो ।

कुनै पनि क्षेत्रको मूल्याङ्कन त्यस क्षेत्रको मानव विकास सूचकाङ्कका आधारमा गर्ने गरिन्छ । यसमा प्रतिव्यक्ति आय, साक्षरता दर र अपेक्षित आयु हेर्ने गरिन्छ । मानव विकास प्रतिवेदन, २०२० अनुसार सामाजिक-आर्थिक सूचकाङ्कमा नेपालका अरू प्रदेशभन्दा कर्नालीको अवस्था कमजोर थियो । कर्नालीको प्रतिव्यक्ति आय ९६४ अमेरिकी डलर थियो । साक्षरता दर ६२.७७ प्रतिशत थियो । औसत आयु ६७ वर्ष थियो । यतिबेला केही पूर्ववत् अवस्था स्मरण गर्न चाहन्छु । कुरा २०५८ सालमा हो, काठमाडौँबाट १७ जना पत्रकार कालीकोटको लालुसम्म पुगेका थियौँ । दरबार हत्याकाण्ड भएका कारण एउटा कार्यक्रम स्थलमा पुगे पनि सहभागी नभएर फर्केका पत्रकारमध्ये एक नयाँ पत्रिकाका सम्पादक कृष्णज्वाला देवकोटा पनि हुनुहुन्थ्यो । उहाँले कान्तिपुर दैनिकमा कर्नालीको वास्तविक जीवनचर्या लेख्नुभएको थियो, "कर्नालीका मान्छेले बाल्यकाल आमाको गर्भमा बिताउँदा रहेछन्, बाल्यकालमा नै युवा काल बिताउने रहेछन् र जब युवा हुन्छन् उनीहरू प्रौढ भइसकेका देखिँदा रहेछन् ।"

देवकोटाजीले देखाएको शब्दचित्र एकदमै सही हो । यो सब खानपान, कुपोषण र बाल विवाहका कारण भएको थियो । कर्नालीमा लामो समय खडेरी पर्दा बूढापाकाहरू मारुल्या समयको सम्झना गर्दछन् । त्यो समयमा मारुल्या नामको राजा थिए । जलवायु परिवर्तनले खेती गर्दै लेकको टुप्पोसम्म पुग्नु परेको थियो । उत्पादन हुन छोडेपछि ढुङ्गा पकाएर बालबालिकालाई आशा जगाई केही दिन बाँच्न लगाएको, माटो खान परेको, माटो खानेहरू मरेको, त्यसमा दिसा खाँदा बाँचेको कथा गाउँघरमा सुन्न पाइन्थ्यो । त्यो स्तरको अनिकाल पछिल्ला दिनहरूमा नपरे पनि जिउलाको बाली हेरेर खानुपर्ने अवस्था थियो ।

कर्नालीको यही अवस्थालाई नेपाल खाद्य संस्थानमार्फत नेपालका राजनीतिज्ञ तथा कर्मचारीतन्त्रले 'नुन-चामलको राजनीति' चलाएका थिए । यतिबेला भेरी करिडोर र कर्नाली करिडोरले सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालमा जोडिएको छ । सडक पुग्दा खाद्य संस्थानभन्दा सस्तोमा स्थानीय पसलमा चामल पाइन थालेको छ । खानपानमा पनि फरक आएको छ । हिजो बिहान-बेलुकी सुख्खा रोटी खाने र तिउन पिउने अवस्थाबाट आज तरकारी र अचार पनि थपेर खान थालेका छन् । मासु खानलाई देउता पुज्ने र गरो काट्ने समय आउनु पर्दथ्यो वा पशु वस्तु लडेर मर्नु पर्दथ्यो । खानाको उपलब्धता र पाक शिक्षाको कमीका कारण कर्नालीका मानिसहरू रोगी, ख्याउटे र चाउरिएका देखिन्थ्ये तर उनीहरू चाम्रा र बलिया थिए ।

गाउँमा धेरैले लुगा लगाएका देखिदैनथ्यो । अधिकांशले लुगा आकलझुकल लगाउन पाउँथे । लुगा लगाउनलाई विवाह, व्रतबन्ध वा विशेष चाड आउनु पर्दथ्यो । ठकुरी हो भने गौरा पर्व आउनु पर्दथ्यो । भोट्या लामा हो भने लोसार आउनु पर्दथ्यो । क्षेत्री, थपाल्या व्यासी र दलित हो भने साउन पुनी आउनु पर्दथ्यो । नत्र सँधै फटेका लुगामा टाला गाँस्दै लगाउनु पर्दथ्यो । कर्नालीमा अहिले पनि लुगा किन्ने भन्दैनन्, टाला किन्नु छ भन्छन् । यो पहिरनले देखाएको गरिबी थियो । फाटो र मैलोको कुरै नगरौं । सरसफाइ भन्ने कुरा धेरैलाई थाहा नै थिएन । यसैले खान, लाउन र सरसफाइले आयु घटाएकै थियो । बाल विवाहले झनै डरलाग्दो समस्या थियो । बाहुन समाजबाहेक अरु समुदायमा पहिला केटी पाउन गाह्रो भएकाले विवाह गर्नलाई केटा मान्छे २५-३० पुग्नै पर्दथ्यो । विवाह गर्नलाई महिला पनि २० भन्दा माथि नै पुगेको हुनु पर्दथ्यो रे ! तर अहिले आइपुग्दा केटा १६ वर्ष पुग्यो भने केटी खोज्न थाली हाल्छन् ।

यतिबेला पनि साविकको कर्नालीको हुम्ला, मुगु र डोल्पामा कुनै दुर्घटना हुँदा हवाई सेवाको सहारा लिनु पर्दछ । यसको लाख तीनदेखि पाँच लाख बेहोर्न तयार हुनु पर्दछ । नियमित उडान भर्दा पनि हरेक मान्छेले मान्छे भएर होइन, एक सय केजीको सामान भएर उडान भर्नुपर्ने हुन्छ । यसको मतलब एक सय केजी भौतिक सामानको मूल्य टिकटबापत तिर्नुपर्दछ । कर्नाली प्रदेश सरकारको सबै पालिका केन्द्रमा ग्रामीण सडक पुऱ्याउने लक्ष्यअनुसार अहिले डोल्पाको दुई र मुगुको एक पालिका केन्द्रबाहेक अरु सबै पालिका केन्द्रमा सडक खन्ने काम भएको छ ।

यो पृष्ठभूमिमा यस पटकको तथ्याङ्कले कर्नालीको औषत आयु ७२.५ वर्ष भएको देख्दा अचम्म लाग्नु स्वाभाविकै हो । कर्नालीपछि बाग्मती ७२.४, गण्डकी ७२.१, मधेस ७१.८, सुदुरपश्चिम ७१.३, कोशी ७०.४ र लुम्बिनी ६९.५ वर्ष आयु रहेको देखियो । औसत आयु बढ्नुमा स्वास्थ्य प्रणालीमा भएको सुधार, सचेतना, बालबालिकाले पाइरहेको पोषण र जन्मेदेखि हुर्किंदासम्म पाउने लालनपालनले समेत ठूलो भूमिका खेलेको हुनसक्छ । कर्नालीका विद्यालयहरूमा लिटोपीठो उपलब्ध हुन्छ तर कतिपय विद्यालयले त्यो बजेटबाट शिक्षकलाई राखेर पठनपाठन चलाउन बाध्य भएको अवस्था पनि छ ।

कर्नाली प्रदेशमा १८.६ अर्थात एक हजारमा १८ देखि १९ जना जन्मेको देखिन्छ । जन्मदर घटेको छ । अस्थायी साधन प्रयोगकर्ता राष्ट्रियभन्दा बढी देखिन्छन् । सय जनामा ७९ जना महिलाले छोरीहरू जन्माएको देखिन्छ । यो प्रदेश सरकारले 'छोरी सुरक्षा खाता' सञ्चालनमा ल्याएको प्रभाव पनि हुन सक्छ । किनकि भ्रूण हत्या रोकिदाको परिणाम यस्तो देखिएको हुन सक्छ । हाल कोरा मृत्युदर एक हजार जनामा ४.९९ जना रहेको छ । साथै, प्रति लाख ३७ सयले बसाइँसराइ गरेको पाइन्छ । कर्नाली प्रदेशका १७ लाख जनसङ्ख्यालाई स्वास्थ्य सेवा दिन स्वास्थ्यकर्मीको दरबन्दी नौ सय नौजना रहेको छ । यसमा स्थायी पदपूर्ति तीन सय २७ जनाको भएको छभने आठ सय १८ जना करार सेवामा छन् । संस्थागत रूपमा स्वास्थ्य प्रतिष्ठान एक, आधारभूत स्वास्थ्य सेवा केन्द्र तीन सय, सामुदायिक स्वास्थ्य इकाइ एक सय २७, जिल्ला अस्पताल आठ, साधारण अस्पताल तीन, स्वास्थ्य चौकी तीन सय ३२, संस्थागत क्लिनिक दुई, एनजिओ २०, नर्सिङहोम पाँच, अन्य स्वास्थ्य सुविधा ५१, फार्मेसी स्वास्थ्य केन्द्र १२, प्राथमिक अस्पताल १८, निजी अस्पताल नौ, माध्यमिक ए अस्पताल एक, माध्यमिक बी अस्पताल एक, सहरी स्वास्थ्य केन्द्र ३० गरी जम्मा नौ सय २० वटा स्वास्थ्य संस्था कर्नालीमा छन् । उपरोक्त तथ्य र कोभिड महामारीले बनाउन लगाएको भौतिक पूर्वाधार तथा थप्न परेको जनशक्तिले कर्नालीको स्वास्थ्य क्षेत्रमा परिवर्तन ल्याएको छ । एउटा अनुभव सुनाऊँ, हुम्लाको नाम्खा गाउँपालिकाको आवधिक योजना निर्माण गर्दा त्यहाँ कार्यरत स्वास्थ्य शाखा प्रमुखले बाल मृत्युदर, वालश्रम र महिला हिंसाका घटना शून्य छभन्दा म छक्क परेको थिएँ । उहाँसँग अरू तर्क गर्दा उहाँले हाम्रो तथ्याङ्कमा नभएको कुरा कसरी थप्न सक्छौँ ? भनेर प्रतिप्रश्न गर्नुभएको थियो ।

पछिल्लो ५० वर्षमा नेपालीको औसत आयु साढे २१ वर्षले बढेको देखियो । २०३८ सालको जनगणनामा औसत आयु ४९.८ वर्ष देखिएको थियो । २०४८ सालमा वृद्धि भई ५४.३ वर्ष पुगेको थियो । २०५८ सालमा ६०.४ वर्ष पुगेको थियो । २०६८ सालमा ६६.६ वर्ष पुगेको औसत आयु २०७८ को जनगणनाले ७१.३ वर्ष पुगेको देखाएको छ । आँकडाअनुसार पछिल्लो १० वर्षमा ४.७ वर्षले औसत आयु बढेको छ ।

आयुकै प्रसङ्गमा पुरुषभन्दा महिलाको आयु बढी भएको देख्दा अर्को अचम्म लाग्ने विषय खुलेको छ । समाजमा महिला हिंसा, महिलाले पैतृक सम्पत्ति नपाएको सन्दर्भ, पितृ सत्तात्मक समाजले दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहार गरेको भन्दै महिला अधिकारका कुरा उठाइरहेको अवस्था छ । तथ्यले के देखायो भने महिलाको तुलनामा दुर्घटनामा बढी पुरुष परेको देखिनु, मदिरा र लागुऔषध सेवनको मारमा पुरुष बढी देखिनु तथा विदेश जाने सङ्ख्यामा पुरुष बढी हुँदा कार्यक्षेत्रमा हुने दुर्घटनाले समेत पुरुषको मृत्युदर बढी देखियो ।

जन्मेदेखि नै शिशु र बाल मृत्युदरमा छोरीको तुलनामा छोराको मृत्युदर बढी देखिएको छ । यसको प्रभाव औसत आयुमै देखिने हुन्छ । छोराको प्रतिहजार मृत्युदर १९ रहँदा छोरीको १५ रहेको देखिएको छ । नेपालको जनसङ्ख्या वृद्धिदर पनि निरन्तर घट्दै गएको देखिन्छ । नेपालको जनसङ्ख्या वृद्धिदर ०.९२ प्रतिशत छ । प्रदेशगत रूपमा हेर्दा लुम्बिनी प्रदेशको सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर १.२४ छ भने मधेसको १.१९ प्रतिशत छ । बाँकी प्रदेशमध्ये कोशीको ०.८६, बाग्मतीको ०.९७, गण्डकीको ०.२५, कर्नालीको ०.७० र सुदूरपश्चिमको ०.५२ प्रतिशत छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पूर्वसचिव तथा प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा सुधा शर्माले 'कर्नाली उत्सवः कुडा कर्नालीको पाँचौं संस्करण' मा कर्नालीमा चुनौतीहरू हुँदाहुँदै पनि प्रगति उन्मुख रहेको बताउनुभएको थियो । उहाँका अनुसार, तीन दशक पहिलेको तुलनामा धेरै राम्रो हुँदैछ । २०५३ ताका कर्नालीमा जन्मेका हजार बालबालिकामध्ये करिब ६५ जनाको एक महिनाभित्रै मृत्यु हुन्थ्यो, एक सय १९ जनाको एक वर्षभित्रै, अनि पाँच वर्ष पुग्दा नपुग्दै एक सय ७८ जनाको मृत्यु भइसक्थ्यो । यसको एक दशकपछि, २०६३ ताका, नवजात शिशु मृत्यु दर सुधार हुँदै ६५ बाट ४५ मा झऱ्यो, एक वर्षभित्र हुने मृत्यु एक सय १९ बाट ८५ जति भयो, अनि अनि पाँच वर्ष पुग्दा नपुग्दै हुने मृत्यु एक सय ७८ बाट घटेर एक सय ११ जति भयो । यसको करिब १५ वर्षपछि बालस्वास्थ्य अवस्थामा थप सुधार हुँदै गएको देखिन्छ ।

दुई वर्ष अगाडिको एक स्वास्थ्य प्रतिवेदनअनुसार कर्नाली प्रदेशको नवजात शिशु मृत्यु दर हजारमा २६ (राष्ट्रिय औसत २२), एक वर्षभित्र हुने मृत्यु हजारमा ३६ (राष्ट्रिय औसत २८), पाँच वर्षभित्र हुने मृत्यु हजारमा ४६ (राष्ट्रिय औसत ३३) रहेको थियो । साक्षर र निरक्षर आमाको व्यवहारले पनि फरक पर्ने रहेछ । निरक्षर आमाका पाँच वर्षमुनिका हजार बालबालिकामध्ये ५० जनाको मृत्यु हुँदा माध्यमिक तहसम्म पढेका आमाहरूको पाँच वर्षमुनिका हजार बालबालिकामध्ये छ जनाको मात्रै मृत्यु भएको पाइएको थियो । यसैले कर्नालीमा 'छोरी सुरक्षा खाता' सञ्चालन गरी छात्रा शिक्षामा विशेष जोड दिनु परेको छ । बालविवाह घाउन परेको छ र महिलालाई आत्मनिर्भर बनाउने योजना ल्याउन परेको छ ।

राष्ट्रिय जनगणनाअनुसार एक वर्षमा प्रजनन उमेर (१५-४९ वर्ष) का महिलाको १२ हजार नौ सय ७६ मृत्युमध्ये ६ सय ५३ मातृ मृत्यु थिए । नेपालमा औसतमा प्रतिएक लाख जीवित जन्ममा एक सय ५१ आमाले ज्यान गुमाउँदा कर्नालीमा प्रतिएक लाख जीवित जन्ममा एक सय ७२ जना आमाको मृत्यु हुन्छ । सहश्राब्दी विकास लक्ष्य हासिल गर्न नेपालले सन् २०३० सम्ममा प्रतिएक लाख जीवित जन्ममा मातृ मृत्यु ७० सम्म झार्ने लक्ष्य राखेको छ ।

यसरी हेर्दा आयु बढ्नुमा सुरक्षित गर्भाधारण, जन्म, लालनपालन, विवाह र सुविधाहरूले प्रभाव पारेको हुन्छ । हरेक घरमा स्वस्थ नागरिक हुनु भनेको त्यो घरबाट देशका लागि स्वस्थ जनशक्ति प्राप्त हुनु हो । 'स्वास्थ्य नै धन हो' भन्ने मान्यताअनुसार स्वस्थ्य जनशक्ति बढ्नु भनेको देशको आयु बढ्नु हो । यसैले नेपालमा कर्नालीको आयु बढेको देख्दा आश्चर्य लागे पनि क्रमिक सुधार भने भएकै देखिन्छ । तर यो स्तरको सूचकलाई विश्वसनीय र दिगो बनाउन सक्नुपर्दछ । न्युनतम अनिवार्य आयआर्जन कार्यक्रममार्फत कर्नालीवासीको आम्दानीका स्रोतहरू बढाउनुपर्दछ । क्षेत्रगत लगानी र उपयुक्त जनशक्तिलाई केन्द्रित गर्न सके विकासमा पछि पारिएको कर्नालीको विद्यमान गरिबीको अन्त्य गर्न र देशलाई अति कम विकसित देशबाट विकासशील देशमा उन्नति गर्न सहज हुनेछ ।

*(लेखक नेपाल विकास अनुसन्धान प्रतिष्ठानका सदस्य हुनुहुन्छ)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** – आज वित्तिय संस्था बाट सहयोग पाइनेछ । विशिष्ट व्यक्तिको सहयोग पाइनेछ । विश्वास गरेकाले साथ दिनेछन् । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**वृष** – आफन्तजन सँग मनमुटाब बढ्नेछ । विद्या तथा प्रतिस्पर्धामा सफलता पाउन निकै नै मेहनेत गर्नुपर्नेछ । आफन्त तथा विश्वास गरेकैबाट धोका हुनेछ ।

**मिथुन** – चलाखीपूर्ण बोलीले गरेको कार्य सिद्ध हुनेछ । चिताएको कामले तीव्रता लिनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । शुभ समाचार सुन्नमा आउला ।

**कर्कट** – श्रमको उचित मूल्याङ्कन हुनेछ । साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला । आर्थिक लाभ रहनेछ र कुनै कुराले मनमा शान्ति छाउला ।

**सिंह** – आज स्वादिष्ट भोजन पाइनेछ । आत्मबल बढाएर काम गरेमा असफल भइँदैन । प्रेम सम्बन्धमा मधुरता छाउनेछ । रोकिएको धन हात पर्ला ।

**कन्या** – महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । आफूलाई कमजोर भएको अनुभूति हुनेछ । गरेका कार्यमा ढिलासुस्ती हुनेछ, तर साँझमा धन हात पर्नसक्छ ।

**तुला** – आज धर्मकर्ममा रुचि बढ्नेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । रोकिएका अधुरा कार्यको थालनी हुनेछ । नयाँ र शुभ समाचार पनि सुन्न पाइएला ।

**वृश्चिक** – आज कलासाहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । कार्य सिद्धिको योग छ । मनमा उत्साहका साथै बोली बिक्ने समय छ । शुभकार्यको चर्चा चल्नेछ ।

**धनु** – धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । पठनपाठनमा प्रगति हुनेछ । आफन्तको सहयोग प्राप्त हुनेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ ।

**मकर** – आज कार्यमा अवरोध आउला । मालसामान हराउने वा नोक्सानी हुनसक्छ । दिनको उत्तरार्धमा बढी धन खर्च हुनेछ, तर लामो यात्रा सफल हुनेछ ।

**कुम्भ** – रोकिएको धन हात पर्ला । मिष्ठान्न भोजन प्राप्ति हुनेछ । मनोरञ्जनमा सहभागी भइएला । साँझमा पैसा खर्च हुने योग छ । अतिथिको सेवा पनि होला ।

**मीन** – आज शुभ कार्यमा सरिक भइनेछ । नयाँ नयाँ क्षेत्रमा लगानीको अवसर मिल्नेछ । श्रमको उचित मूल्याङ्कन हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ ।

## कर्णाली प्रदेशसभाको चौंथो अधिवेशन आह्वान



**युग संवाददाता**
**सुर्खेत, ३ जेठ ।**

कर्णाली प्रदेशसभाको दोस्रो कार्यकालको चौथो अधिवेशन आह्वान गरिएको छ। कर्णाली प्रदेश प्रमुख तिलक परियारले नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम यही जेठ ११ गते शुक्रबार दिउँसो ३ बजे बस्नेगरी प्रदेशसभाको अधिवेशन आह्वान गरेका हुन्।

प्रदेश प्रमुखले चौथो अधिवेशन आह्वान गरेसँगै बिहिवार कर्णाली प्रदेशसभा सचिवालयले कर्णाली प्रदेश नियमावली २०७९ को नियम ३ को उपनियम (३) बमोजिम बैठकमा उपस्थित हुन सम्पूर्ण प्रदेशसभा सदस्यलाई जानकारीका लागि सूचना गरेको छ। उक्त बैठक प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट केन्द्रित हुने जनाइएको छ।

## उद्यमीका कुरा

# ‘इन्टरनेटमा झुल्ने दिदीबहिनीलाई पैसा कमाउने बनाउने मन छ’



कल्पना ढेङ्गा मगर
kalpudmagar@gmail.com







विर्माकुमारी थलाल कसेराको जन्म २०४१ सालमा भएको हो। वीरेन्द्रनगर नगरपालिका-११ मा घर भएकी विर्माकुमारीले प्राकृतिक रेसा उद्योग सञ्चालन गरेकी छिन्। विर्माकुमारीको एक गरिब परिवारमा जन्म भएको हो। विर्मा कुमारीको जन्म भएको केही समयमा नै ठुलो विपत्ती आइपऱ्यो।

उनलाई एउटा रोगले छोयो। जसको कारण उपचारको क्रममा विर्माकुमारीको खुट्टाको नशा काटिन पुग्यो। त्यस बेला उनको उमेर मात्र ४ बर्षको थियो। उनले भनिन्, ‘त्यो अप्रेसनको कारण भनौं अथवा डाक्टरको लापरवाहीका कारण मैले अपाङ्गताको जीवन बिताउन बाध्य भएँ। जिन्दगीको सुरुवातसँगै सुरु भएको मेरो शारीरिक अपाङ्गताको जीवन सुरु भयो।

यो सँगै मेरो जिन्दगी दिन प्रतिदिन परिवार, समाज हुँदै राष्ट्रसम्मको बोझको कारण बन्यो। सामान्य परिवारमा जन्मिनु अर्कोतिर अपाङ्गता भएको कारण म पल पल मरेर बाँच्ने मेरो जीवनको चक्र नै भयो तर पनि जसोतसो एसएलसी सम्मको पढाई पुरा गरे तर हाम्रो देशको भौगोलिक अवस्था अनुसार र हाम्रो ग्रामीण जनजीवन अनुसार मलाई परिवार र समाजमा जिउन त्यतिकै गाह्रो थियो।’

अपाङ्ग भएपनि ममा केही गर्नुपर्छ भन्ने कुरा उनको मनमा आउँथ्यो। विर्माकुमारीको संधै आफ्नो अपाङ्गमन, अपाङ्ग शरीर र कहिले हाँसो त कहिले आँसु यसरी नै उनको जीवन इच्छाहरू त्यसैत्यसै मरिहेको हुन्थे। विर्माकुमारीको उमेर परिवर्तन सँगसँगै मनको इच्छा र चाहाना केही गर्नुपर्छ भन्ने पनि, फेरबदल भइरहेका हुन्थे। आफुले केही गर्नुपर्छ भन्ने साहस र औटसँगै जीवन आँसु सम्झेर दुनियाँको सामु मुस्कुराउँथिन् विर्माकुमारी। दुनियाँलाई के थाहा विर्माकुमारीको मनमा हजारौं सपना फुलिरहेको छ भन्ने कुरा कठै, विचरा भन्ने बाहेक, सायद समाजमा केहि उत्तर थिएन।

परिवारको बोझ समाजको तिरस्कार सहेर विर्माकुमारीको मुटु पत्थर जस्तै कडा भइसकेको थियो। विर्माकुमारीको जीवन व्यर्थमा भौतारिएको थियो। कहिले उकाली त कहिले ओराली गर्दै सपनाको महल ठूला ठूला हुन्थे। कहिले भत्किएर जान्थे।

विर्माकुमारीले भनिन्, ‘रात पछि दिन आउँछ भनेझै मेरो जीवनमा भएको अभाव, खाँचो र कठिनाईलाई हटाउन तथा मेरो जीवनका मरिरहेको आशालाई जगाउनको निम्ति मेरो उजाड जीवनमा हरियाली लिएर आउनु भएको आदहरणीय शीला म्यामलाई धैरै धैरै धन्यवाद। उहाँले मेरो खडेरी परेको जीवनमा आफ्नो सीप प्रदान गरेर हरियाली बनाउनुभयो।’

शीला म्यामले गर्दा आफ्नो निरास जीवनमा केही गर्न सक्छु भन्ने साहास र हिम्मत बढेको बताईन्। आफैले सिकेको सिपबाट आफ्नो र परिवारको गुजारा चलाउँन सक्छु भन्ने हौसला मिलेको पनि बताईन्।

विर्माकुमारीको मनमा केहि हदसम्म आफुले देखेको सपना पुरा गर्छु भन्ने आशा पलाएको छ। उनले भनीन्, ‘जसरी काँचो माटोलाई कुमालेले पिटेर विभिन्न आकारमा उपयोगी सामान बनाउँछ, त्यसरी नै मेरो हस्तकलाको सीपले मेरो जीवन परिर्वतन भएको छ।’ विर्माकुमारीले शिला नेपालीको सहायताबाट नै प्राराकृतिक रेसाको तालिम लिएकी थिइन्। २०८० साल साउनमा उनले रेसा सम्बन्धी १ महिने तालिम दिएकी थिईन्।

कष्टकरमै जीवन बिताएकी विर्माकुमारीलाई त्यो सिपले धैरै राहत मिल्यो। तालिममा १० जना महिला सहभागि रहेको जानकारी दिईन्।

**मासिक २० हजार रुपैयाँ**

विर्माकुमारीले २०८० साल मंसिरमा प्राकृतिक रेसा उद्योग त दर्ता गरिन् तर उद्योग सञ्चालनको लागि स्रोत, साधनको अभाव भएको उनले बताईन्। अहिले उनले आफ्नो घरबाट नै प्राकृतिक रेसाबाट तयार हुने विभिन्न सामाग्री बनाउँने जानकारी दिईन्।

उनका अनुसार केरा, पटेरो, बेसारको पात, मकैको पोकले कलरम्याट, डोरम्याट, टिम्याट, व्याग, टेबुलम्याट लगायतका सामान बनाउँने गर्छिन्। हालसम्म ५ आईटमका सामाग्री बनाउँने गरिएको छ। जसमा टिम्याटलाई ४०/५० रुपैयाँ, कलरम्याट, डोरम्याट, व्यागलाई १ हजार र टेबुलम्याटलाई एक हजार ५ सय रुपैयाँ पर्ने विर्माकुमारीले जानकारी दिईन्।

विर्माकुमारीले बनाएको सामान सुर्खेत, नेपालगञ्ज, काठमाडौंमा बढि माग हुने र बिक्रि हुने गरेको छ। सामाग्रि तयार पार्नको लागि तान, धाँगो,, फिता, कैचीं आवश्यक पर्ने गर्छ। सामानको लागि धेरैजसो काठमाडौंबाट नै अर्डर आउने गरेको जानकारी दिईन्। उनी आफु अशक्त भए पनि सिप सिकेर घरबाट नै सामान बनाएर विक्रि गर्दा मासिक २० हजार रुपैयाँ हुने गरेको जानकारी दिईन्।

विहान ४ बजेदेखि बेलुका ९ बजे सम्म बुन्ने गर्छिन्। उनले भनिन्, ‘मलाई निद्रा कम लाग्छ बिउँझिए भने म यहि बुन्न थाल्छु। हातले काम गर्नुपर्ने हुन्छ गाह्रो त हुन्छ, मेहनत नगरे कहाँ फल प्राप्त हुन्छर। मानिस समाजमा स्थापित हुनको लागि साँचै नै ऊसँग कुनै न कुनै सीप वा क्षमता हुन आवश्यक छ।’

‘यस संसारमा सीप विनाको मानिसको कुनै मुल्य हुँदैन कला र सीपले नै मानिसलाई परिवार, समाजमा र राष्ट्रमा चिनाउने काम गर्छ भन्ने ज्ञान मेरा जीवनको भोगाइबाट सिक्ने मौका मिलेको छ।’

**१० जना महिलालाई भएपनि सिप सिकाउँछु**

शारीरिक रुपमा अपाङ्गताका भएकी विर्माकुमारीलाई ठुलो उद्योग खोलेर १० जना महिलालाई भएपछि आफ्नो सिप सिकाउँन मन छ। तर अहिलेका दिदिबहिनी सामाजिक संजालमै व्यस्त हुने गर्छन्। सिप सिक्नलाई महिलाहरु सिलाई-कटाई र व्युटिसियनमा बढि चाँसो गर्ने अन्य सिपमा त्यति चाँसो नदेखाउँने गरेको विर्माकुमारीले बताइन्।

अहिले विर्माकुमारीसँग दुईवटा तान रहेका छन्। काम छिटोछरितो गर्नको लागि आधुनिक प्रविधिको तान आवश्यक रहेको उनको भनाई छ। उनले भनिन्, ‘अपाङ्गताका भएपनि विचरा भन्ने भएन। गिट्टी कुटेर भएपनि कष्टकर जीवन काटेकै छु। अब इन्टरनेट हेरेर बस्ने दिदीबहिनीलाई पैसा कमाउने बनाउँन मन छ।’ एक महिना मै रेसा सम्बन्धीका काम गर्न सकिने उनको भनाई छ।

## सरकारको प्राथमिकतामा कर्णाली र सुदूरपश्चिम प्रदेशः मन्त्री भण्डारी

**युग संवाददाता**
**बैतडी, ३ जेठ ।**

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सरकारले कर्णाली र सुदूरपश्चिमलाई प्राथमिकतामा राखेको बताए। बैतडीको देहिमाडौंमा विहिबार अन्तरपालिका महिला तथा पुरूष भलिबल प्रतियोगिताको उद्घाटनका अवसरमा मन्त्री भण्डारीले सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा सुदूरपश्चिम र कर्णाली प्रदेशलाई प्राथमिकतामा राखेको बताए।

उनले भने, ‘सुदूरपश्चिम र कर्णाली प्रदेशमा जडीबुटी र खानीसम्बन्धी थुप्रै सम्भावना छन्, ती सम्भावना खोजी गर्ने र उद्योग सञ्चालनको विषयलाई नीति तथा कार्यक्रममा राखिएको छ।’ सरकारको अहिलेको प्राथमिकता विदेश पलायन हुने युवालाई स्वदेशमै रहने वातावरण सिर्जना गर्नु रहेको उनको भनाइ थियो।

उनले भने, ‘हामीकहाँ सम्भावना धेरै छन्। कृषि, उद्योग र उद्यमशिलता अहिलेको प्राथमिकता हो। युवाहरूलाई उद्यमशिलतालाई सरकारले नीति तथा कार्यक्रम समेटेको पनि छ।’ सुदूरपश्चिमका खानीहरूको अध्ययनका लागि प्राविधिक टोली पठाइएको बताउदै मन्त्री भण्डारीले बैतडीको फस्फोराइट खानी, बैतडीमा सिमेन्ट उद्योग सञ्चालन गर्न आइएमई ग्रुपसँग छलफल भइरहेको बताए। उनले भने, ‘विकासमा पछाडि परेको सुदूर र कर्णाली प्राथमिकतामा छ। दैजी छेला औद्योगिक क्षेत्र, दोधाराचाँदनी सुक्खा बन्दरगाह, पश्चिम सेती आयोजना अगाडि बढाइदैछ। बैतडीका सबै पालिकामा जडीबुटी पहुँचमार्ग बिस्तार गरिनेछ।’

फरक प्रसङ्गमा उनले विपक्षी दलले सदनलाई बन्धन बनाएको बताए। उनले भने, “सरकारको आगामी आवका नीति तथा कार्यक्रम प्रस्तुत भएपछि नेपाली कांग्रेसले संसद् अवरुद्ध गरेको छ। संसदीय छानबिन समिति बनाउनुपर्ने माग सदन चल्न दिएर पनि उठाउन सकिन्छ। संसद अवरुद्ध हुँदा जनजीविकाका सवाल संसद्मा उठ्न सकेका छैनन्। थुप्रै कानुनहरू अगाडि बढ्न सकेका छैनन्। राष्ट्रिय मुद्दा ओझेलमा परेका छन्।”

नेपाल खेलकुद महासंघको आयोजनामा सुरू भएको अन्तरपालिका भलिबल प्रतियोगितामा जिल्लाका स्थानीय तहका टोलीको सहभागिता छ।

## जग्गा विक्रीमा रहेको सूचना






परिस्थितिले मान्छेलाई दास बनाउँछ। राम्रो भनेको राम्रै हो। सेन्टरमा ठाउँ पाउँन गार्हो छ र दुर्लभ वस्तुको महत्व वेग्लै हुन्छ। राम्रोलाई सबैले हेर्न मिल्छ तर पाउने र नजर अन्दाज गर्ने भनेको दमदार र अठोटवालाले हो। राम्रोको मुल्य महंगो हुनु स्वभाविक हो। राम्रो मालले मानविय जीवन सुन्दर र आरामदायी बनाउछ।

सुर्खेतको मुटु, सुर्खेत जुम्ला रोड रत्न राजमार्गसंग जोडीएर रहेको कि.नं १८७३ को ८ मि. मोहोडा ५२ मि. पिछाड मध्य ६ मी. चौंडाई × २५ मी. लम्वाई भएको ठाउँ र आकार मिलेको चार पाँच वर्ष अगाडी १ मि. को मुल्य रू पचास लाख पर्ने, ६ मि. को मुल्य रू. ३ करोडमा किनबेच भई चलिरहेको जग्गा उचित मुल्यमा तुरुन्त बिक्रीमा छ। ईच्छुक महानुभावहरुले मौकाको फाईदा उठाउनु होला।

**सम्पर्क नंबर:-** ९८६८०९३४००/९८०४५५५८९९/९८४८१४२२३२
**स्थान:-** एरीचौक, सुर्खेत हस्पिटल भन्दा करीव ७० मि. अगाडि वाँया साईड।

## भूकम्प...

हतौडा, पिलास लगायतका सामाग्री सहितको २ हजार ६ सय बराबरको २ सय ५० सिकर्मी, डकर्मीहरुका लागि वितरण गरिएको स्याक नेपालका जाजरकोट कार्यक्रम संयोजक रेशम चन्दले जानकारी दिए।

महिला तथा किशोरीहरुका लागि सरसफाई लगायत अतिआवश्यक ३ हजार ८ सय ८१ रुपैयाँ बराबरको १ सय जनालाई भोली वितरण गरिने चन्दले जानकारी दिए। जाजरकोट तथा रुकुम पश्चिमका विभिन्न पालिकाहरुमा यसरीनै वितरण गरिने स्याक नेपालका कार्यसमिति अकबर खाँनले बताए।

२०८० कार्तिक १७ गतेको भूकम्पले जाजरकोट र रुकुमपश्चिम मा १५७ भन्दा बढिको मृत्यु भएको थियो भने हजारौंको संख्यामा प्रभावित भएका थिए। जाजरकोट र रुकुमपश्चिममा बिगत देखिनै प्लान इन्टरनेसनलसंगको साझेदारीमा स्याक नेपाल राहत तथा पुनःनिर्माणको काममा काम गरिरहेको स्याक नेपालका कार्यकारी निर्देशक टिकाराम आचार्यले जानकारी दिए। यस अघि विभिन्न ठाउँमा अस्थायी सिकाई केन्द्र, सामुदायिक खानेपानी, जिविकोपार्जनमा पनि काम गरिरहेको आचार्यले बताए।

## घटना-४...

नउठेपछि छिमेकीले ढोका खोलेर हेर्दा जलेको अवस्थामा मृत भेटिएपछि इलाका प्रहरी कार्यालय लुहाम सल्यानमा खबर गरेका थिए। स्थानीयले ग्यास चुहावट हुँदा आगो लागेको हुन सक्ने अनुमान गरे पनि घटनाको प्रकृतिअनुसार प्रहरीले हत्या भएको हुन सक्ने निष्कर्ष निकाल्दै सूक्ष्म अनुसन्धान थालेको थियो।

घटना भएलगत्तै प्रहरीले रेवतीले प्रयोग गरेको मोबाइलबाट केही सुराक पत्ता लगाएको प्रहरीले उक्त घटनामा संलग्न सल्यानको सिद्धकुमाख गाउँपालिका-२, खानीगाउँ स्थायी ठेगाना भएका २८ वर्षीय कर्णबहादुर बस्नेतलाई ३ असोजमा सार्वजनिक गरेको थियो।

आरोपित कर्णबहादुर बस्नेतले मृतक रेवती थापासँग पुरानो रिस साँध्नलाई विभत्स हत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ। आरोपित बस्नेतको मृतक रेवती थापासँग झण्डै सात वर्षअघि फेसबुकमार्फत चिनजान भएको र कुराकानी हुँदै जाँदा गहिरो प्रेम सम्बन्ध रहेको प्रहरी अनुसन्धानले देखाएको छ।

## घटना-३...

अनुसन्धानका लागि नेपालगन्जस्थित केनाई शाखाबाट तालिम प्राप्त कुकुर र कर्णाली प्रदेश प्रहरी कार्यालयबाट प्रहरीको विशेष अनुसन्धान टोली घटनास्थलमा खटियो।

प्रहरीले घटनास्थलबाट धारिलो चक्कु, चक्कुको खोल, नगद ८५ हजार ८ सय ३५ रुपैयाँ र मोबाइल फोन बरामद गरेर अनुसन्धान थाल्यो। घटनास्थलबाट बरामद भएको मोवाइलको जब प्रहरीले कल डिटेल निकाल्यो तब प्रहरीले अचम्मको तथ्य फेला पाऱ्यो। उक्त कल डिटेलमा २५ दिनको अवधिमा भावना र एक युवकसँग एक सय २४ पटक सम्पर्क भएको तथ्य प्रहरीले पत्ता लगायो। कल डिटेलका आधारमा अनुसन्धान अगाडि बढाएको प्रहरी भावनासँग फोन सम्पर्कमा रहेका सानीभेरी नगरपालिका-९, का लोकेन्द्र भनिने लोकबहादुर विकको खोजीमा जुट्यो।

प्रहरी अभियुक्त विकलाई खलंगास्थित आफ्नै कोठाबाट पक्राउ गर्न सफल भयो। पक्राउ परेका विकमाथि प्रहरीले अनुसन्धान अगाडि बढायो। प्रहरी अनुसन्धानमा विकले भावनाको घाटी रेटेर हत्या गरेको स्वीकारेपछि प्रहरीले ३ कार्तिकमा विकलाई सार्वजनिक गरेको थियो।

विक ती व्यक्ति हुन् जसलाई गत असोज ३ गते संविधान दिवसका अवसरमा चालचलन राम्रो भएको भन्दै मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले कैद मिनाहा गरिदिएका थिए। लोकेन्द्रले उनीहरूबीच अनैतिक प्रेम सम्बन्ध रहेको र भावनाको बिहे गर्ने प्रस्तावले विवाद बढेपछि घाटी रेटेर हत्या गरेको स्वीकारेको अनुसन्धानबाट खुलेको थियो।

## मन्त्रीबाट...

उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री दुर्गहादुर रावतको नाम उल्लेख थियो।

यस्तै, एमालेबाट भौतिक पूर्वाधार तथा शहरी विकासमन्त्री शेरबहादुर बुढा, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री विनोदकुमार शाह र भौतिक पूर्वाधार तथा शहरी विकास राज्यमन्त्री गमता विश्वकर्माको नाम उल्लेख थियो।

मन्त्रिको शपथ लिन तम्तयार भएका माओवादीका मन्त्रीका सामु एमालेका मन्त्रीहरू भने बेखबर जस्तै देखिन्थे। किन भने एमालेले शपथको पूर्वसन्ध्यासम्म मन्त्री हुनेलाई कुन मन्त्रालयको जिम्मेवारी दिने भन्ने विषयमा जानकारी गराएको थिएन।

एमालेबाट विनोदकुमार शाह, शेरबहादुर बुढा र राज्यमन्त्री गमता विकलाई शपथग्रहण गर्न आउन मुख्यमन्त्री कँडेलले भनिसकेका थिए। सोही बमोजिम नेताहरू मन्त्रीको शपथ लिने तयारी गरिरहेका थिए। जसमा भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रीको शपथ लिने तयारी शाहले गरिरहेका थिए।

सुरुमा गोप्य राखिएको मन्त्रीहरूको नामावली प्रदेश प्रमुखको कार्यालयले सार्वजनिक गऱ्यो। उक्त नामावलीमा भौतिक मन्त्रीको शपथ लिने तयारी गरेका शाहको नाम भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्रीमा थियो। यसबाट रुष्ट बनेका उनले शथप ग्रहण कार्यक्रम नै बहिष्कार गरे।

पार्टीमा वरिष्ठताका आधारमा आफूलाई अपमान गरिएको भन्दै शाहले कृषिमन्त्रीमा शपथ लिन इन्कार गरे। निर्धारित समयमा सुरु भएको शपथग्रहण कार्यक्रममा शाह उपस्थित नभएपछि मन्त्रालयमा स्वागत गर्न तम्तयार भएका कर्मचारी छक्क परेका थिए। मुख्यमन्त्री कँडेलले शाहलाई मन्त्रीमा शपथ लिन खबर गरेको भए पनि कुन मन्त्रालय दिने भन्ने विषयमा प्रदेश प्रमुखको कार्यालयले नाम सार्वजनिक नगरुन्जेल केही भनेका थिएनन्।

शाहले शपथग्रहणका लागि निर्धारण गरिएको आठ मिनेटअघि मात्रै कृषि मन्त्रीको जिम्मेवारी दिइएको विषय थाहा पाएको दाबी गर्दै आएका छन्। शपथको अन्तिमसम्म पनि संसदीय दलमा छलफल नै नगरी आफूलाई कृषि मन्त्री बनाएर मुख्यमन्त्री कँडेलले एकलौटी गर्न खोजेको भन्दै आफू मन्त्री नबन्ने निर्णयमा पुगेको शाहले बताउँदै आएका छन्।

सपथ बहिस्कार पश्चात काठमाण्डौं पुगेका शाह मन्त्रालयको जिम्मेवारीमा फर्कने छाट नदेखेपछि मुख्यमन्त्री कँडेलले उनलाई बरखास्त गरी मन्त्रालयको जिम्मेवारी आफ्नो मातहतमा ल्याएका हुन्।

## घटना-५...

नगरपालिका वडा न. १ रुकुम पश्चिमका टिकाराम नेपालीको सोतीका गाउँलेहरूले लेखेटेर कुटपिट पश्चात हत्या गरी भेरीमा बगाइदिएको प्रहरी अनुसन्धानबाट खुलेको थियो। उल्लेखित घटना व्यक्तिगत रिसइवी र सामान्य कुरा सहन गर्न नसक्दा विवाद बढेर विभत्स हत्यासम्म पुगेका केही प्रतिनिधिमुलक घटना हुन्। पछिल्लो समय सल्यान र रुकुम पश्चिममा सामान्य विवाद तथा परम्परागत सोचले ज्यानै मार्ने प्रकृतिका जघन्य अपराध बढ्दै गएको पाईएको छ। मानवअधिकारका क्षेत्रमा काम गर्दै आएको औनपचारीक सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकले यी दुई जिल्लामा सामाजिक बिग्रहका घटनाहरु बढ्दै गएको पुष्टि गर्दछ।

जसको सिकार महिलाहरु हुँदै गएका छन्। गत वर्ष रुकुम पश्चिममा दुई महिला र तीन पुरुष गरी पाँच जनाको हत्या भएको इन्सेकको तथ्यांक बोल्छ। यस्तै, सल्यानमा गत वर्ष ११ जनाको हत्या भएको छ।

मानिसहरू सानोसानो कुरामा पनि आइपर्ने परिस्थितीको आँकलन गर्न नसक्दा आवेगमा आएर गरिने क्रियाकलापले समाज अराजकतातर्फ धकिलिदै गएको प्रति बेलैमा सचेत रहनुपर्ने सरोकारवाला बताउँछन्।

बढ्दो वेरोजगारी, एकात्मक परिवार, आर्थिक, सामाजिक, राजनीतिक तथा शिक्षा, अनैतिक सम्बन्ध, व्यक्तिगत रिसिबी, मानसिक समस्या आदि जस्ता कारणले यस्ता घटनामा वृद्धि हुँदै जान थालेको प्रहरीको तथ्यांकले देखाउँछ।

## तातो हावा ‘लु’ का असर तथा लक्षण

- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्याधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइट भन्दा बढी ज्वरो आउने,
- छाला सुख्खा, रातो र तातो हुने,
- यस्ता असरहरु देखिएमा तुरुन्त नजिकैको अस्पताल जाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं,
- पाकेको खाना मात्र खाऔं,
- झिङ्गा र भुसुना भन्किन नदिऔं, खानेकुरा छोपेर राखौं,
- खाना पकाएपछी भाँडा राम्ररी सफा गरौं,
- फलफुललाई सफा पानीले धोएर मात्र खाऔं,
- सकेसम्म खुल्ला रुपमा बेच्न राखिएका खाना र पेय पदार्थको उपभोग नगरौं।

नेपाल सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत

# जगदुल्ला जलविद्युत आयोजनाको लागि १६ अर्ब जुट्यो

**युग संवाददाता**
**सुर्खेत, ३ जेष्ठ ।**

उज्यालो कर्णाली बनाउने लक्ष्यका साथ अगाडि बढाइएको जगदुल्ला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ । बिहिवार आयोजित एक विशेष समारोहमा ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा द्विपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको हो।

द्विपक्षीय ऋण सम्झौतामा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुङ्गाना र आयोजनाका तर्फबाट जलदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले हस्ताक्षर गरे । आयोजनामा नबिल बैंकको नेतृत्वमा विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गर्ने भएका छन् । नबिल बैंकले चार अर्ब ४० करोड लगानी गर्नेछ । सहवित्तीयकरणमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल), कर्मचारी सञ्चय कोष, लक्ष्मी सनराइज र एभरेष्ट बैंकले लगानी गर्नेछन् ।

त्यस्तै एचआइडिसिएलले चार अर्ब लगानी गर्नेछ भने कर्मचारी सञ्चयकोषले चार अर्ब, लक्ष्मी सनराइज बैंकले दुई अर्ब र एभरेष्ट बैंकले एक अर्ब ५० करोड लगानी गर्नेछन् । यो आयोजना निर्माणका लागि २३ अर्ब लाग्ने अनुमान गरिएको छ । जसमध्ये करिब १६ अर्ब ऋण र सात अर्ब स्वपुँजीबाट जुटाउन लागिएको छ ।

कर्णाली प्रदेशको डोल्पास्थित मुडकेचुला र जगदुल्ला गाउँपालिकामा पर्ने जगदुल्ला नदीमा बन्न लागेको यो परियोजना नेपालको पानी जनताको लगानी अवधारणामा नेपाली जनताको लगानीमा पहिलोपटक बन्न लागेको हो ।


## Gurans Rural Municipality
### Office of The Rural Municipality
**Ranimatta, Dailekh**
**Karnali Province, Nepal**

## Invitation for Bids

**(Second Date of Publication: 2081/02/04)**

1. Gurans Rural Municiapality has allocated funds for Upgrading of Jiropoint Dekhi Chisapani Ratikhola Patikalna Sadak Nirman, Gurans, Dailekh. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents from www. bolpatra.gov.np.
3. The name and identification of the contract are as follows:

| Contract ID | Description of Work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs.) | Bid DocumentFee (NRs.) |
|---|---|---|---|---|
| GRM/WORKS/ SQ/03/080/081 | Jiropoint Dekhi Chisapani Ratikhola Patikalna Sadak Nirman, Gurans Dailekh | NRs. 14,41,366.86 | NRs. 36,050.00 | NRs. 1,000.00 |

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Administrative Officer


# राज्यले...

'अपराध गर्नेहरुको पारिवारिक र सामाजिक समस्या एउटा हुनसक्छ, अर्कोतर्फ आर्थिक अवस्था कमजोर र घरायसी समस्याका कारण पनि द्वन्द्व बढ्दै गएको अवस्था हो ।'

राज्यले मानवअधिकारकका क्षेत्रमा संविधानले गरेका व्यवस्थाहरु परिपालनामा ध्यान नदिदा बिस्तारै समाज द्वन्द्वतिर अग्रसर हुँदै गएको उनले बताए। समाजमा अराजकता बढ्नुको अर्को कारण मनोसामाजिक समस्या पनि प्रमुख रहेको सुवेदी बताउँछन् ।'

समाजमा अराजकता बढ्नुमा मनोसामाजिक समस्या पनि प्रमुख रहेको हामीले अध्यनका क्रममा पाएका छौं,' सवेदीले भने, 'विभिन्न कारणले देखा परेको मनोसामाजिक समस्यालाई हल गर्न राज्यले काउन्सेलिङको पाटोलाई बृहत्तर बनाउनु पर्ने देखिन्छ, हत्या लगायतका जघन्य अपराधमा संलग्नलाई चलखेल गरेर अदालतबाट छुट दिदा हिन्सात्मक घटनाले बढवा पाइरहेका छन्, यसमा राज्य सचेत हुनु पर्छ, साथै परिवारिक द्वन्द्व न्यूनिकरण गर्न जनचेतनाको पाटोलाई बलियो बनाउन आवश्यक छ ।'


## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्रयाक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्चर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००


# मनोपरामर्श...

फ्रस्टेसनमा जानुले मानसिक रोग जन्मन्छ,' रावत भन्छन्, 'अहिले थुप्रैमा एन्टी सोसियल पर्सानिलिटी भन्ने रोग देखिएको छ, जुन रोग लागेका विरामी सधैं अपराधिक गतिविधिमा उद्दत भइरहन्छन, राज्यसहित समाजका हरेक तह, तप्काले यस विषयमा सोच्नु जरुरी छ, किनभने मानसिक रुपमा अस्वस्थ व्यक्ति नै अपराध संलग्न हुने हो ।'

निराशाले मानिसलाई मादक पदार्थको लत बस्नुले बलात्कार र हत्या जस्ता जघन्य प्रकृतिका घटनाहरु बढिरहेको उल्लेख गर्दै मनोविद रावतले राज्य तथा समाजले बेलैमा मनोस्वास्थ्यका क्षेत्रमा परामर्शको पाटोलाई बलियो बनाउन आवश्यक रहेको बताए ।


## मध्यपश्चिम विश्वविद्यालय
**केन्द्रीय कार्यालय, सुर्खेत**

## घरभाडामा लिने सम्वन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०२/०४**

उपर्युक्त सम्वन्धमा मध्यपश्चिम विश्वविद्यालय, सुर्खेतलाई निवास प्रयोजनका लागि वीरेन्द्रनगर नगरपालिका वडा नं.८, स्थित उत्तरतर्फ कालुङ्चोक देखि इत्राम खोला, पूर्वतर्फ इत्राम खोलादेखि रत्न राजमार्ग, दक्षिण पश्चिमतर्फ दैलेख रोड देखि कालुङ्चोकसम्ममा घर/फ्ल्याट् भाडामा लिनुपर्ने भएकाले तपसिलमा उल्लेख गरिए बमोजिको शर्त बन्देज अधिनमा रहने गरी घर भाडामा दिन इच्छुक घरधनीले सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवश्यक कागजात सहित मध्यपश्चिम विश्वविद्यालय, केन्द्रीय कार्यालय, कुइनेपानीमा दरखास्त दिनुहुन सम्वन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**तपसिल:**
१. घर बनेको जग्गाको जग्गाधनी प्रमाण पूर्जा हुनु पर्नेछ ।
२. किचन, डाइनिङ हल तथा मिटिङ हल सहितको कम्तीमा १० वटा कोठा भएको पक्की घर हुनु पर्नेछ ।
३. घर वा घरले चर्चेको क्षेत्र कम्तीमा २०००-२५०० स्क्वायर फिट हुनु पर्नेछ ।
४. घरले चर्चेको क्षेत्र र लगापाथ समेत कम्पाउण्डवाल वा स्थायी संरचनाले सुरक्षित गरेको हुनु पर्नेछ ।
५. घरमा रंगरोगन गरेको र कम्तीमा २ वटा सवारी पार्किङ गर्न सकिने सुविधा भएको हुनु पर्नेछ ।
६. २४ घण्टा पानी, बत्तिको सुविधा भएको हुनु पर्नेछ ।
७. म्याद नाघी वा रित नपुगेको निवेदन उपर कारवाही हुने छैन, अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

**आवश्यक कागजात:**
१) जग्गाधनी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
३) घर नक्सापास एंव निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपी ।
४) आ.व.२०८०/०८१ को तिरो तिरेको रसिदको प्रतिलिपी ।
५) रु.१० को टिकट टाँस गरी घरधनीले घर भाडामा दिन चाहेको मूल्य खुलेको निवेदन ।

...............
रजिष्ट्रार



## वुढीगंगा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**हात्तीमुडा, मोरंग**
**कोशी प्रदेश, नेपाल**

## दरभाउपत्र छनौट गर्ने आशयको सूचना

**(प्रकाशित मिति: २०८१।०२।०४)**

उपरोक्त विषयमा यस कार्यालयको मिति २०८१/१२/१६ गते प्रकाशित सूचना अनुसारको म्याद भित्रमा पेश भएका दरभाउपत्रहरु मिति २०८१/०२/०२ गतेको निर्णय अनुसार न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपसिल बमोजिमको दरभाउपत्र खोलिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ बमोजिम छनौंट गरिएकोले सोही ऐनको दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

| सि. न | ठेक्का नं. र कामको विवरण | दरभाउपत्र छनौट गरिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १. | BGRM/MOR/SQ/W-02 (080/081) OTC Bhawan Nirman Budhiganga-03, Morang | Fair Construction Pvt. Ltd. Gadi Rural Municipility-04, Sunsari | १२,१९,६३३.९३ |

**संजीव न्यौपाने**
**प्रमुख प्रशासकिय अधिकृत**



## घर जग्गाहरु खरिद बिक्री गर्दा ध्यान दिनुपर्ने मुख्य कुरा

१ घर जग्गा बिक्री गर्ने वास्तविक ब्यक्ति बुझेर मात्र सो को कित्ता निजको हक भोगमा छ छैन एकिन गर्ने
२ उक्त कित्ताको मोठ क्षेस्था फोटो र तीनकुने ठिक भय नभयको एकिन गर्ने
३ जग्गा र नक्सामा बाटो छ छैन राम्ररी जाच्ने वा बुज्ने
४ कुनै अड्डा अदालत वा अन्य कुनै कार्यालयमा रोक्का वा मुद्धा छ छैन एकिन गर्ने
५ जग्गामा रहेको हक भोग आकार प्रकार मिल्छ वा मिल्दैन एकिन गर्ने
६ लाल पुर्जा र नक्सा मा क्षेत्र फल मिल्छ मिल्दैन एकिन गर्ने
७ उक्त कित्ता को चारै तर्फ़ को सिमाना विवाद भय नभयको फिल्डमा गयर साध सधियारहरुबाट भुझने
८ उक्त जग्गामा मोही भय नभयको बुझने
९ जग्गा रैकर वा गुठि के हो लाल पूर्जामा राम्रो संग हेर्ने
१० नक्सा अनुसारको जमिनमा चारै तर्फ़ सिमाना एकिन गर्ने र रेखांकन गर्ने गराउने

आधिकारीक घर जग्गा खरीद-बिक्री गर्ने कम्पनी मार्फत कारोबार गर्नु हुन अनुरोध छ ।
**कर्णाली मल्टी रियल स्टेट कम्पनी प्रा. लि.**
वीरेन्द्रनगर, सुर्खेत
०८३-५२३१८५, ९८१८८७२८०१, ९८५८०७२८०१



## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)



## हटलाइन मर्मत सेवा
## फोन गर्नुहोस ।
## समस्या सुनाउनुहोस
## समाधान पाउनुहुनेछ ।

धेरै समस्याको समाधान अव एकै ठाउँबाट
१) पानी, बत्ती टुटफुट मर्मत सेवा ।
२) फर्निचर (काप्रेन्टर) मर्मत सेवा ।
३) आल्मोनियम, फ्रिफेब मर्मत सेवा ।
४) टायल, मार्बल टुटफुट मर्मत सेवा ।
५) वल्डिङ, बेल्डिङ मर्मत सेवा ।
६) पाथरुम, शौचालय मर्मत सेवा ।
७) कोठा सार्ने गाडी सुविधा ।
८) नयाँ, पुराना फर्निचर, ग्याँस चुलो, भाँडावर्तन खरिद-विक्रि तथा मर्मत
९) सेकेण्डहेण्ड स्कुटी, मोटरसाइकल खरिद-विक्रि
२४ शै घण्टा सेवा गर्ने अवसर दिनुहोस ।

**सामेल निर्माण सेवा**
वीरेन्द्रनगर-१२, सुर्खेत
हटलाइन मोवाइल नं. : ९८५८०२२७१८



## सुलभ दर र गुणस्तरिय छपाइ तोकिएकै समयमा ढुक्क ।

भवानी छापाखाना
DIGITAL COLOUR PRINTER

• Screen Print • Offset Print • Digital Print

24 Years in Printing Experience
Quality & Quantity Printing House

**क्यालेण्डर**
स्पाइरल, साधारण, टेबल

B.C. Group Karnali 2070

के तपाई गुणस्तरीय छपाइको खोजीमा हुनुहुन्छ ?

संसार प्रसिद्ध HEIDELBERG
कर्णाली प्रदेशमै पहिलो पटक (20"x30" & 19"x25")
Multicolour Printing Machine
25000 Printing Per Hour





Service Related
Government Office | Bank
Private Office | NGO | INGO
Co-operative | School | College

**भवानी छापाखाना**
Birendranagar-6, Surkhet
9858067999, 9858060615
Industry: Birendranagar Industrial Area
E-: pressbhawani@gmail.com


युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, प्रधान कार्यालय: वीरेन्द्रनगर-४, सुर्खेत, फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२८ मुद्रण: भवानी छापाखाना, सुर्खेत ।